# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

च.नं.: ३२४०

### नगर प्रमुखसँग उद्यमशिलता प्रवर्द्धन कार्यक्रम, २०७७ बमोजिम दरखास्त पेश गर्ने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/१०/१५

यस रत्ननगर नगरपालिकाको आ.व. २०७७/०७८ को लागि सातौं नगर सभाबाट पारित नीति तथा कार्यक्रम बमोजिम "नगर प्रमुखसँग उद्यमशिलता प्रवर्द्धन कार्यक्रम" संचालन कार्यविधि, २०७७ मा व्यवस्था भए अनुसार तपशिल बमोजिमका व्यवसायहरुलाई आधार वनाई वैदेशिक रोजगारीवाट फर्किएका तथा नगरमा स्थायी बसोबास भएका वेरोजगार नागरिकहरुलाई उल्लेखित व्यावसायिक शिर्षकहरुमा उद्यम व्यवसाय संचालन गरि स्वरोजगार र आत्मनिर्भर बनाउनका लीगि सून्य व्याज दरमा सहुलियतपूर्ण कर्जा प्रदान गरिने भएकोले ईच्छुक सामाजिक सांस्कृतिक रुपमा उत्पीडनमा परेका, दलित समुदाय, महिला, जनजाति, अपाङ्ग, आर्थिक हिसावले विपन्न, किसान, मजदुर, सीमान्तकृत लोपोउन्मुख समुदाय, विदेशबाट फर्किएका तथा वेरोजगार नगरवासीहरुले तपशिल बमोजिमका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा तपशिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१) कृषि व्यवसाय तर्फः नगदे वाली वा मौरीपालन व्यवसाय ।
२) पशुपन्छीपालन तर्फः घरपालुवा पन्क्षीहरु वा बाख्रा, बँगुर पालन ।
३) लघु, साना र घरेलु उद्यममा आधारित व्यवसाय ।
४) सेवामूलक व्यवसाय ।

दरखास्त फारम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०७७ को अनुसूची-१ बमोजिमको निवेदन ।
२. कोभिड-१९ का कारण वैदेशिक रोजगारीबाट रोजगार गुमाई फर्किएका व्यक्तिहरुले आफ्नो पासपोर्टको प्रमाणित प्रतिलिपि सहित नगर प्रमुख उद्यमशिलता प्रवर्द्धन कार्यक्रम निर्देशिका, २०७७ को अनुसूची-२ बमोजिमको थप निवेदन ।
३. नागरिकताको प्रमाण पत्र ।
४. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्वन्धी स्किम ।
५. व्यवसाय दर्ता गरेको भए व्यवसाय दर्ता प्रमाण पत्र (नविकरण सहित) ।
६. उद्यम व्यवसाय संचालन गर्ने स्थानको निवेदकको स्वामित्व खुलेको कागजपत्र वा लीज संझौता सम्बन्धी कागजपत्र ।
७. स्व घोषणा पत्र (कालो सूचीमा नपरेको) ।
८. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र ।
९. नगरपालिकामा व्यवसाय दर्ता गरेको भए प्रमाण पत्र ।
१०. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
११. आवश्यकता अनुसार तोकिएका अन्य कागजपत्रहरु ।

२०७७।१०।१५

(प्रमुख प्रशासकीय अधिकृत)
भीम बहादुर कुँवर
प्रमुख प्रशासकिय अधिकृत

थप जानकारीको लागि :
सम्पर्क व्यक्ति : विश्वास श्रेष्ठ, सम्पर्क नम्बर : ९८५५०१११२४
(नोट : रित नपुगी एंव म्याद नाघी आएको निवेदनमा कुनै कारवाही गरिने छैन ।)

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np